**विधेयक संख्या :**

घरपझोङगाउँ सभाबाट स्वीकृत मिति: २०७५, आषाढ १७ गत

# घरपझोङ गाउँपालिकाको आर्थिक विधेयक

घरपझोङ गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

घरपझोङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

## घरपझोङ गाउँपालिकाको आर्थिक विधेयक, २०७५

घरपझोङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

सभाबाट स्वीकृत मिति, २०७५, आषाढ १७ गते

**प्रस्तावना :**

घरपझोङ गाउँपालिकाको आर्थिक बर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बान्छनीय भएकोले ।

नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम घरपझोङ गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम " घरपझोङ गाउँपालिकाको आर्थिक ऐन, २०७५" रहेको छ ।

(ख) यो ऐन २०७५ साल श्रावण १ गते देखि घरपझोङ गाउँपालिकाको क्षेत्रमा लागु हुने छ ।

२. **सम्पत्ती कर :** घरपझोङ गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम राजश्व संकलन कर, गैरकर लगाईने र असूल उपर गरिने छ ।

३. **भूमि कर (मालपोत) :** घरपझोङ गाउँपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भूमि कर ( मालपोत) लगाईने र असुल उपर गरिने छ ।

४. **घर बहाल कर :** घरपझोङ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै, आंशिक तवरले बहालमा लिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल उपर गरने छ ।

५. **व्यवसाय कर :** घरपझोङ गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय, वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (२) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु कर :** घरपझोङ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कबाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवनज्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (२) बमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

घरपझोङ गाउँपालिका

७. **सवारी साधन कर :** घरपझोङ गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (२) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिने छ । प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

८. **विज्ञापन कर :** घरपझोङ गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (२) बमोजिम कर लगाईने र असुल उपर गरिने छ । प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

९. **मनोरञ्जन कर :** घरपझोङ गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (२) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ । प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१०. **बहाल बिटौरी शुल्क :** घरपझोङ गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (२) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी हुल्क लगाईने र असुल उपर गरिने छ ।

११. **पार्किङ शुल्क :** घरपझोङ गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (२) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिने छ ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग :** घरपझोङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (२) बमोजिमको शुल्क लगाईने र असुल उपर गरिने छ ।

१३. **सेवा शुल्क, दस्तुर :** घरपझोङ गाउँपालिकाले निर्माण। सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

१४. **पर्यटन शुल्क :** घरपझोङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ । प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१५. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# अनुसूचीहरु : १

आ.ब. २०७५/७६ को लागि घरपझोङ गाउँपालिकाले लगाउन प्रस्ताव गरिएको कर, गैरकर तथा शुल्कहरुको प्रस्तावित दरहरु :-

| सि.नं. | राजस्वको क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|
| १ | होटल व्यवसाय कर | २०,०००।- | २०,०००।- | २० कोठा वा सोभन्दा बढी | |
| | | १०,०००।- | १०,०००।- | १० देखि १९ कोठा सम्म | |
| | | ५,०००।- | ५,०००।- | ९ कोठा र सोभन्दाकम | |
| | होम स्टे | | ५००।- | | |
| २ | होलसेल किराना पसल कर | १५,०००।- | १५,०००।- | होलसेल रुपमा साना किराना पसलहरुलको सामग्री वितरण लाई आधार लिइएको | |
| ३ | रेष्टुरेण्ट, खुद्रापसल, स्टेशनरी तथा विभाजनमा नपरेका अन्य सबै | २,०००।- | २०००।- | | |
| ४ | डिस्टिलरी उद्योग नयां दर्ता सिफारिस | ३०,०००।- | ३००००।- | | |
| | डिस्टिलरी उद्योग नविकरण सिफारिस | | १०,०००।- | | |
| ५ | ब्लक उद्योग | ५,०००।- | ५,०००।- | | |
| ६ | ग्यारेज | | | व्यवसायबाट आम्दानी हुने प्रकृतिको आधारमा | |
| | क, मोटरसाइकल ग्यारेज | | २,०००।- | | |
| | ख, बस, जीप, ट्रक आदि | | ५,०००।- | | |
| ७ | शोरुम | ५,०००।- | १०,०००।- | | |
| ८ | फर्निचर | ७,०००।- | १०,०००।- | | |
| ९ | थ्रेसर, कुटानी पिसानी मिलहरु | २,०००।- | २०००।- | | |
| १० | मेशिनरी तथा सवारी साधनहरु (दर्ता, नविकरण सिफारिस) | | | | |
| | चेन भएको एक्साभेटर | १०,०००।- | १०,०००।- | | |
| | टायर भएको जे.सि.वि. | ७,०००।- | ७,०००।- | | |
| | ट्रक, टिप्पर, बस | ५,०००।- | ५,०००।- | | |
| | जिप /ट्याक्सी कालो प्लेट भएको | ३,०००।- | ३०००।- | | |
| | हरियो प्लेट जीप र कार | | ५,०००।- | काम र क्षमताको प्रकृतिलाई आधार मानिएको | |
| | रातो प्लेट जीप र कार | | ४,०००।- | | |
| | रातो प्लेट डबल क्याव | | ३,०००।- | | |
| | रातो प्लेट सिंगल क्याव | | २,०००।- | | |
| | ट्र्याक्टर | २,०००।- | २,०००।- | | |
| | हरियो (पर्यटक) बस | | ७०००।- | | |
| ११ | व्यवसायिक पशु तथा कृषि | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भेडा, च्याङ्ग्रा | ३,०००।- | २,५००।- | प्रतिगोठको आधारमा | |
| | याक, चौरी | ५,०००।- | ५,०००।- | प्रतिगोठको आधारमा | |
| | स्याउ | ५००।- | ५००।- | १ रोपनी सम्मको उत्पादन घरयासी प्रयोजन | |
| १२ | मनोरञ्जन कर | | | | |
| | स्वदेशि छायाङ्कन (डकुमेन्ट्री, म्युजिक भिडियो) | ५,०००।- | ३,०००।- | पर्यटकीय स्थल प्रयोग गरेको आधारमा | |
| | स्वदेशि चलचित्र | | १००००।- | | |
| | विदेशी छायाङ्कन (डकुमेन्ट्री, म्युजिक भिडियो) | १०,०००।- | १००००।- | | |
| | विदेशी चलचित्र | २००००।- | २००००।- | | |
| १३ | पार्किङ्ग शुल्क रात्रीविश्राम | | | | |
| | ट्रक, बस, ट्र्याक्टर, डोजर, लोडर | १५०।- | १५०।- | गाउँपालिकाले निर्माण गरेको पार्किङ्ग क्षेत्र प्रयोग गरे वापत | |
| | जीप, कार, भ्यान | १००।- | १००।- | | |
| | मोटर साइकल | २०।- | २०।- | | |
| १४ | पार्किङ्ग शुल्क (छाटो समयको लागि)दिवा | | | गाउँपालिका क्षेत्रभित्र प्रवेश तथा पार्किङ गरे वापत | |
| | ट्रक, बस, ट्र्याक्टर, डोजर, लोडर | २०।- | २०।- | | |
| | जीप, कार, भ्यान | १०।- | १०।- | | |
| | मोटर साइकल | ५।- | ५।- | | |
| १५ | घर कर | | | | |
| | सामान्य खालको आवाशीय घर | १००।- | १००।- | सामान्य परिवारको २-५ कोठा भएको | |
| | मध्यम खालको आवाशीय घर | ३००।- | ३००।- | मध्यमखालको ५ कोठा भन्दा बढी कोठा भएको | |
| | पक्की घर | ५००।- | ५००।- | पक्कीखालको RCCतथा प्लाष्टर गरेको | |
| १६ | मालपोत शुल्क | ५०।- | ३०।- | न्यूनतम रु ३०।- र १ रोपनी भन्दा माथि प्रति रोपनी ३०।- का दरले | |
| १७ | घर नक्सापास दस्तुर व्यवसायिक | ५।- | ५।- | प्रति स्क्वायर फिट रु ५।- का दरले | |
| १८ | घर नक्सापास दस्तुर आवासीय | | ३।- | प्रति स्क्वायर फिट रु ३।- का दरले | |
| १९ | घर नक्सा अभिलेखिकरण | | २।- | प्रति स्क्वायर फिट रु २।- का दरले | |
| २० | हाट वजार | | २०।- | प्रतिपसल, प्रति दिन | |
| २१ | पर्यटकीय सेवा शुल्क तथा साहसिक खेल | | १०००।- | प्रति कार्यक्रम | |
| २२ | घरबहाल कर | | १०% | भाडा रकमको | |
| २३ | यार्चागुम्बा निकासी | | १०,०००। | प्रति के.जी. | |
| २४ | निकासी जन्य अन्य जडीबुटी ( अगरकांडा लगायत ) | | २।- | प्रति के.जी. | |
| २५ | चरिचरण कर (अन्य कर) | | ५।- | प्रति चौपाया (प्रक्षेपण १,२५,०००।) | |

| | | | | | |
|---|---|---|---|---|---|
| २६, | अन्य दस्तुर | | | | |
| | क, आय प्रमाणित (०.०५%) | ०।०० | ०।०० | १००,०००।०० | |
| | ख, समसि मूल्याङ्कन (०.०२५%) | ०।०० | ०।०० | १५०,०००।०० | |
| | ग, निर्माण सेवा (कम्पनी) नविकरण दस्तुर | ०।०० | १५००।०० | ३०,०००।०० | |
| | घ, सहकारी नविकरण दस्तुर | ०।०० | १०००।०० | ५,०००।०० | |
| | ङ, अन्य संघसंस्था नविकरण□सिफारिस दस्तुर | ०।०० | ५००।०० | १०,०००।०० | |
| | च, सिफरिस दस्तुर | ०।०० | १००।०० | ५,०००।०० | |